# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : ०८१।८२
चलानी नम्बर :

## शुभकामना मन्तव्य

नेपालले व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना अभिवृद्धि गर्न प्रत्येक वर्ष वैशाख महिनाको पहिलो साता व्यक्तिगत घटना दर्ता सप्ताह मनाउँदै आएको सर्वविदितै छ।

व्यक्तिको कानूनी पहिचान, राज्यको नीति निर्माण र राज्यबाट प्रवाह हुने सेवा प्राप्तीका लागि व्यक्तिगत घटना दर्ता आवश्यक हुन्छ। नेपाल सरकारले व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई रुपान्तरणकारी आयोजनाको रुपमा समावेश गरी घटना दर्ता कार्यलाई आधुनिक, विश्वसनीय र भरपर्दो बनाउन जोड दिएको देखिन्छ। United Nations Economic and Social Commission for Asia and Pacific ले सन् २०१५ देखि २०२४ सम्मको दशकलाई एसिया प्रशान्त क्षेत्रमा व्यक्तिगत घटना दर्ताको दशकको रुपमा मनाउने र दशकको अन्त्य सम्ममा सम्पूर्ण व्यक्तिगत घटना दर्ताको दरमा उल्लेख्य रुपमा वृद्धि गर्ने लक्ष्य लिएको सन्दर्भमा नेपालले सन् २०२४ सम्ममा जन्म, मृत्यू, विवाह, बसाइसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत पुर्याउने लक्ष्य लिए अनुरुप बाणगङ्गा नगरपालिकालाई सन् २०२५ मा पूर्ण व्यक्तिगत घटना दर्तायुक्त स्थानीय तह घोषणाको प्रकृया अगाडी बढाइएको छ। सुशासनको आधारभूत शर्तको रुपमा रहेको व्यक्तिगत घटना दर्ताको लक्ष्य हांसिल गर्न सबै सरोकारवाला पक्ष र निकायको समन्वय र सहकार्य आवश्यक छ।

यस सन्दर्भमा नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा गरेको प्रतिवद्धता अनुरुप राष्ट्रिय लक्ष्यको रुपमा रहेको यस अभियानलाई सार्थक तुल्याउन सन् २०२५ मा पूर्ण व्यक्तिगत घटना दर्तायुक्त नगरपालिका घोषणा गर्दै आम नागरिकमा सुशासनको प्रत्यक्ष अनुभूति दिलाउन सम्बद्ध सबै पक्षहरुको सार्थक र सक्रिय सहयोगको लागि हार्दिक अनुरोध गर्दै व्यक्तिगत घटना दर्ता सप्ताहको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

चक्रपाणि अर्याल
नगर प्रमुख

चक्रपाणी अर्याल
नगर प्रमुख

मिति २०८२ साल वैशाख १ गते सोमबार

ईमेल: bangangamun@gmail.com/ info@bangangamun.gov.np वेभसाईट: www.bangangamun.gov.np

CamScanner

बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८१।८२
चलानी नम्बर :

## व्यक्तिगत घटना दर्ता सप्ताहको शुभकामना

नेपालमा वि.सं. २०३४ साल बैशाख १ गतेदेखि जन्म मृत्यू तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को कार्यान्वयनसँगै कपिलवस्तु जिल्लाका साविकका सबै गा.वि.स (हालका सबै स्थानीय तह, बाणगङ्गा नगरपालिका समेत)मा व्यक्तिगत घटना दर्ता कार्यको शुरुवात भएको थियो। व्यक्तिको कानूनी पहिचान र सेवा प्रवाह प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने क्रममा व्यक्तिगत घटना दर्ता कार्यलाई थप व्यवस्थित बनाउन हाल राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ कार्यान्वयमा रहेको छ। यस महत्वपूर्ण कार्यमा सम्पूर्ण सरोकारवाला महानुभावहरुको सहभागिता अभिबृद्धि गर्ने उद्धेश्यले प्रत्येक वर्षको बैशाख महिनाको पहिलो साता व्यक्तिगत घटना दर्ता सप्ताह मनाउदै आइएको छ। "व्यक्तिको कानूनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यू, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं गराऔं" भन्ने मूल सन्देशका साथ यो वर्ष समेत व्यक्तिगत घटना दर्ता सम्ताह शुरु हुन गइरहेको छ।

व्यक्तिगत घटना दर्ताले व्यक्तिको नामथर, उमेर, राष्ट्रियता, लैंगिकता, परिवारिक नाता सम्बन्ध तथा बसोबास सहितको कानूनी पहिचान दिने भएकोले सामाजिक न्याय, मौलिक हक कार्यान्वयन र सुशासन प्रबर्द्धनमा यसको महत्वपूर्ण भूमिका रहेको छ। नेपालको संविधानले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हकलाई सुनिश्चित गरेको छ। नेपालको संविधानले प्रदत्त गरेको हकलाई कार्यान्वयन गर्न र सरकारले तय गरेको विकासका उद्धेश्यहरुलाई पूरा गर्नका लागि व्यक्तिगत घटना दर्तालाई जोड दिनु आवश्यक छ। सबै प्रकारका व्यक्तिगत घटनाहरुलाई समयमै दर्ता गर्न तथा व्यक्तिगत घटना दर्ताको महत्व र आवश्यकतालाई जनसमक्ष पुर्याउन घटना दर्ता सप्ताहले अहम् भूमिका खेल्ने विश्वास लिएको छु।

वि.सं. २०८२ साल बैशाख १ गते देखि ७ गतेसम्म मुलुकभर सञ्चालन हुने व्यक्तिगत घटना दर्ता सप्ताहमा सहभागी भई व्यक्तिगत घटना दर्ता गर्नु गराउनु हुन सम्पुर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु। साथै, यस कार्यलाई सहज र पहुँचयोग्य बनाउन आवश्यक सहयोग तथा सहजीकरण गर्नुहुन बाणगङ्गा नगरपालिकाका सबै जनप्रतिनिधि, स्थानीय पञ्जीकाधिकारी, कर्मचारीहरु, सुरक्षा निकायहरु, संघसंस्थाहरु र नागरिक समाजलाई विशेष अनुरोधका साथै नयाँ वर्ष वि.सं. २०८२ साल र व्यक्तिगत घटना दर्ता सप्ताह २०८२ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८२ बैशाख १

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner